SAMPLE QUESTION PAPER 2012

SA – II

**Class IX – Nepali (Code – 024)**

Time : 3 hrs. Max.Marks : 90

1. निम्न परिच्छेद पढ़ेर सोधिएका प्रश्नको संक्षिप्त उत्तर लेख- $2 \times 5 = 10$

हाम्रा लोक बाजाहरू संगीत र हाम्रो संस्कृतिका छाया-प्रतिच्छाया हुन् र नै यी बाजाहरू ध्वनिहरूबाट यसको आत्माको संरचना हुन्छ। संगीतले पशुताको नाश गरेरै मानवीय गुणहरू एवं राजनैतिक चेतनाहरूको विकास गर्नमा पनि सहयोग पुऱ्याउँदछ। बाजाहरूकै माध्यमबाट जन-धारणा, राष्ट्रिय विम्ब, परम्परा, आधुनिकता र सांस्कृतिक मूल्यहरूको प्रतिष्ठान एवं सामकि प्रक्रिया र परिवर्तनहरू पनि दृष्टिगोचर भएका छन्। यी वाध्य यन्त्रहरू विभिन्न धातु, इँट, माटो, काठ र छालाहरूको सहयोगबाट बनिएका हुन्छन्।

(क) लोक बाजाहरू हाम्रा के हुन्?
(ख) संगीतले मानिसलाई कस्तो सहयोग पुऱ्याउँछ?
(ग) बाजाहरूको माध्यमबाट कस्ता परिवर्तनहरू दृष्टिगोचर भएका छन्?
(घ) दुइ-दुइवटा पर्याय शब्द लेख-सहयोग, आधुनिक।
(ङ) वाद्य यन्त्रहरू कसरी बनिएका हुन्छन्?

2 निम्न विषयहरूमध्ये कुनै एकमाथि २५० शब्दसम्मको निबन्ध लेखः- 10

(i) मानव जीवन र वन-जङ्गल
(ii) वैज्ञानिक सुविधाभन्दा मानसिक शान्ति उत्तम हो।

3. नेपालीमा अनुवाद गरः- 5

Far away in the north of our country there is a long range of mountains called the Himalayas. The high tops of these mountains are always covered with snow. At the foot of the mountains there are great fast flowing rivers. The trees in the forest are very tall and grown close together.

4. (क) सन्धि विच्छेद गरः- $1 \times 3 = 3$

चन्द्रोदय, संहार, विद्यालय।

(ख) ठीक शब्द चुनेर खाली ठाउँ भरः- ½ x 6=3

(i) दुई अक्षरको मेललाई ........ भन्दछन्। (समास / सन्धि)
(ii) उ + उ = ........ हुन्छ। (ऊ / ओ)
(iii) सन्धि ........ शब्दमा मात्र हुन्छ। (तत्सम / तद्भव)
(iv) समासको विपरीत शब्द ........ हो। (विच्छेद / विग्रह)
(V) माता-पिता ---------समास हो। ( द्वन्द्व, कर्मधारय )
(Vi) ---------- समासमा अन्य पद प्रधान हुन्छ। ( बहुब्रीहि, द्विगु )

(ग) उपसर्ग र प्रत्यय-मा भिन्नता छुट्याएर लेख। 3

(घ) तलका उपसर्ग लगाएर दुइ-दुइवटा शब्द बनाऊः- 1 x 3=3
सु, परि, अभि।

(ङ) (अ) तलका वाक्यहरूमा ठीक भए (✓) र नठीक भए (×) चिह्न लगाऊः 1 × 4 = 4
(i) समासमा दुवै पद प्रधान हुने तत्पुरुष समास हो।
(ii) स्वर-सन्धिका पाँच भेद छन्।
(iii) कर्मधारय समासमा विशेषण र विशेष्यको मेल हुन्छ।
(iv) अव्ययीभाव समासमा पछिल्लो भाग मुख्य हुन्छ।

(आ) तलका शब्दहरू कुन समासमा पर्छन् छुट्याएर लेख : 1 x 5=5
वनघोड़ा, सीताराम, चौरास्ता, अघिल्तिर, लामखुट्टे।

5. निम्नलिखित प्रश्नहरूका उत्तर लेखः
(क) भूकम्पको प्रभाव पर्दा कस्ता-कस्ता घटना घट्छन् पठित पाठको आधारमा लेख। 4
(ख) 'अरू विषयमा भन्दा नेपालीमा दोबर नम्बर ल्याउनुपर्छ।' लेखकको प्रस्तुत विचारप्रति आफ्नो मन्तव्य पेश गर। 4
(ग) निम्न वाक्यहरूमा ठीक शब्द चुनेर खाली ठाउँ भरः- 1 x 4=4
(i) ........ दाजुको लड़ाइँमा मृत्यु भयो। (विजय / रणवीर / रणजीत)
(ii) पुलिसको काम त ........ जनताको सुरक्षा गर्नु हो। (सोझा / निमुखा / साधारण)
(iii) भूकम्प अर्थात भुइँचालोको कथा भूमण्डल जतिकै ........ छ। (प्राचीन / पुरानो / ऐतिहासिक)
(iv) 'चिट्ठी' लेख ........ ले लेखेका हुन्। (बदरीनाथ भट्टराई / तुलसी भट्टराई / गोविन्द भट्टराई)

(घ) आजको यो अशुभ खबर सुन्नअघि नै तपाईले किन मलाई आफ्नो काखमा लिनुभएन।
(i) उक्त वाक्यांश कसले कसलाई भनेको हो?
(ii) यहाँ बोल्नेले कस्तो अशुभ खबर सुन्नु परेको छ?
(iii) उक्त वाक्यलाई सरलीकरण गरेर आफ्नै ढंगमा लेख।
(iv) अर्थ लेख - अशुभ, काख। 1 x 4=4

6 (क) 'जन्मभूमि' कविताको भावार्थ लेख। 5
(ख) सप्रसँग व्याख्या गरः- 5

निधार मेरो पसिना जडाऊ छ, मोती तिनैको अनमोल भाउ छ
छ शान्तिको सुन्दर दीप वासमा, पीयूषको स्वाद छ गाँस गाँसमा
छ भोक मीठो रसिलो छ प्यास, छ अन्तमा व्यञ्जनको सुवास
छ थोर आवश्यक्ता, पुगेपछी म बस्छु संसार नयाँ नयाँ रची।

(ग) खाली ठाऊँ भरः- ½ x 4=2

(i) रबरका ........ चप्पलजस्तै यो जिन्दगी।

(ii) जगत् छ मेरो घरबार सुन्दर, ........ नीलो छ तले मनोहर।

(iii) खुकुरीको धारमा ........ टेकेर जिउनुपर्छ यहाँ।

(iv) जुन देशमा जन्मन्छ मान्छे, त्यहीं त उसको ........।

7 (क) कसको रगत सस्तो छ? पठित पाठको पक्षमा आफ्नो सहमति जनाउँदै संक्षेपमा प्रस्तुत गर। 4

(ख) तलका वाक्यहरू ठीक भए (✓) र भूल भए (×) चिह्न लगाऊः 1 x 4=4

(i) सराफी नहकूल सिंहको प्रेमिकाको नाम बुद्धिमति थियो।

(ii) औंठी वास्तवमा रहस्यपूर्ण र दामी थिएन।

(iii) सराफीका पिताले कुल बचाउन सराफीको विवाह अर्कैसित गरिदिए।

(iv) सराफीले औंठी बेच्नलाई कथा कथेर भनेका थिए।

(ग) छोटा उत्तर लेखः- 1 x 4=4

(i) "पुङ्ग जाति कसैको अधीनमा रहन सक्तैनन्।" कसले भनेका हुन्।

(ii) गगनबहादुर घले कुन विद्रोहीको शरण परे?

(iii) सराफी नहकूल सिंहले आफ्नो प्रेम विषय कसलाई नलुकाइ-नढाँटी भने?

(iv) सराफीले सुनाएको कथा साँच्ची नै भएकै घटना थियो?

8. नाटककार मनबहादुर मुखियाको साहित्यिक परिचय देऊ। 4

***

Set - II

SUMMATIVE ASSESSMENT – II

दोस्रो संकलित परीक्षा - 2011

SU BJECT : NEPALI ( CODE – 024)

CLASS – X

TIME : 3 HOURS MAXIMUM MARKS : 80

1. तलको अनुच्छेद पढ़ेर सोधिएका प्रश्नहरूका उत्तर लेख। 2X5=10

"सोझै हेर्दा त्यागी नभई जोगी हुँदैन। घर भनेन, स्वास्नी भनेन,छोराछोरी भनेन,विषयसुख भनेन, सारा त्यागी जङ्गलमा गयो। उसैले सबभन्दा स्वार्थत्याग जोगीमा छैन कसरी भनूँ। तर म त भन्छु सबभन्दा स्वार्थत्याग नभएको मानिस खोज्नुपर्‍यो भने जोगी हो। किनभने मानिस जन्मी काम गर्न सक्ने उमेर पुगेपछि त्यसको सेवामा धेरैको दावा हुन्छ। आमा-बाबु,राजा, मातृभूमि, स्वदेशी भाइहरूको सेवा गर्नु त्यसको कर्त्तब्य हो। अझ'वसुधैव कुटुम्बकम् मान्ने उदार चरित्रको मान्छे रहेछ भने त त्यसले संसारैको सेवा गर्नुपर्दछ। उसमाथि विवाह गरी छोराछोरी जन्माइसकेको मानिस भए त कुरै छैन। यी सब कर्त्तब्य पालन गर्न अल्छी मानी, पछि हटी,आफ्नो-केवल आफू एउटाको विचार गरी, आफ्नो शान्ति सुखको निमित्त भनूँ अथवा आफ्नो मुक्तिको निमित्त सबैलाई ठगी, रोएका स्वास्नी-छोराछोरीको दुखेको चित्तको परवाह नगरी जङ्गल जाने कृतघ्नीलाई कसरी स्वार्थत्यागी भनूँ ? स्वार्थले नै त्यसको जीवनमा मुख्य पाठ खेलिरहेछ।"

(क) उपरोक्त अनुच्छेदलाई सुहाउँदो शीर्षक देऊ।

(ख) सोझो ढङ्गमा हेर्दा जोगीमा किन र कसरी स्वार्थत्याग देखिन्छ ?

(ग) मानिस जन्मेर उमेर पुगेपछि उसको कर्त्तब्य के हुन्छ ?

(घ) स्वार्थत्याग भन्नाले के बुझिन्छ ?

(ङ) माथिको परिच्छेदलाई मनन् गर्दा तिम्रो विचारमा जोगी 'निस्वार्थी' हो कि 'स्वार्थी'? आफ्नो स्वतन्त्र मत् प्रकट गर।

2. कुनै एक विषयमाथि अड़ाई सय शब्दसम्मको निबन्ध लेख। 10

क. देशमा बड़्दो बेरोजगारी समस्यका कारण र निवरण।

ख. मेरो भविष्यको सपना।

ग. परिश्रम नै सुखको सर्वश्रेष्ठ साधन हो।

**3**. नेपालीमा अनुवाद गर : 4

He said that he is going Delhi the next week. It is raining here. Let the door be closed. Don't forget to bring umbrella while coming here.

**4** (क) निम्न भिन्नार्थक शब्दका अर्थ लेख : 2

अङ्क, अङ्ग, आदि, आधी।

L

(ख) निम्न शब्दहरूका दुइ-दुइवटा पर्यायवाची शब्द लेख : 2

ईश्वर,उपहार, चन्द्र, माता।

(ग) निम्न वाक्यांशका निम्ति सार शब्द लेख : 2

i. जो कहिल्यै पनि मर्दैन --------

ii. पानीमा बस्ने प्राणी -----------

iii. घोड़ा बाँध्ने ठाउँ -------------

iv. कहिल्यै नाश नहुने -----------

(घ) तल दिइएका शब्दहरूका विपरीतार्थक शब्द लेख : 2

अ) अमृत, जीवन, उदय, सचेत।

आ)वाक्य परिवर्तन गर : 2

i. जसले पढ़ेको छ, त्यसको जहाँ पनि कदर हुन्छ। ( सरल वाक्यमा)

ii. चोरलाई पुलीसले पक्रन्छ। ( मिश्र वाक्यमा )

(ङ) उक्ति परिवर्तन गर : 2

i. भीम "म पल्टन जान्छु भन्छ।"

ii. काका मलाई यसो भनेर फर्के, " तँलाइ रुपियाँ दिन्नँ।"

**5**. (क) "एकदिन घर छोड्नु सकिँदैन,टाड़ो घुम्न जाने कुरा त असम्भवको इच्छा।"

i. यी वाक्य कसले भनेको हो?

ii. यी वाक्य कुन पाठबाट लिइएको हो अनि यसका कथाकार को हुन्?

iii. कुन समस्याको कारणले वक्ता यी कुरा बोल्न वाध्य भएका छन्
खुलस्त गरेर लेख। 1+2+2=5

(ख) डाक्टर नानोद्वारा बनाइएकी क्लोरिनामा के कमी पाइएको थियो ? 2

(ग) क. "पाँ---पाँच रुपियाँ ? हे पञ्च परमेश्वरी,छ्यात्छ्याती देवी,दयावन्ती, हो हो ---- हो आइमाईको पोल्टो कहिल्यै खाली हुँदैन भन्ने साँच्चै रहेछ।"

i. नाटककारले यो भनाइ एकांकीको कुन मोड़मा प्रस्तुत गरेका छन् ? 2

ii यी पंक्तिमा स्त्रीजातिलाई कसरी प्रशंसा गरिएको छ ? 1

iii यस एकांकीको शीर्षक र एकांकीकारको नाम लेख्नुहोस्।2

(घ) सही उत्तर चुनेर लेख : 1×4 = 4

i. "छि...छि ...छि... तिमी अबुझसित टाउको दुखाउनु व्यर्थ छ। चलो भाइ,अजिलाका दोकानमा कम से कम तातो चिया ता पाइएला।"

क. छ्यामाले भनेको।

ख. लक्ष्मीले भनेको।
ग. अमरले भनेको।
घ. मुन्नाले भनेको।

ii. सही उत्तर चुनेर लेख

"यति जोतिएर मरिरहेको खालि यति खानु र यति नै लाउनुलाइ न हो।"

क. यो 'कुखुरी काँ' शीर्षक पाठबाट निकालिएको हो।
ख. यो 'टोटलाको फूल' शीर्षक कथाबाट लिकालिएको हो।
ग. यो 'रातभरि हुरी चल्यो' शीर्षक पाठबाट निकालिएको हो।
घ. यो 'चिसो चिया' नाटकबाट निकालिएको हो।

iii. सही उत्तर चुनेर लेख

" हाम्रो दाम्पत्य जीवन अति नै अशान्त र तनावपूर्ण थियो। हामी एका-अर्कासँग मिलेर बस्नै सकेनौं।"

क. यी पंक्ति 'रातभरि हुरी चल्यो' पाठबाट निकालिएका हुन्।
ख. यी पंक्ति 'डाक्टर नानो' शीर्षक पाठबाट निकालिएको हो।
ग. यी पंक्ति 'टोटलाको फूल' शीर्षक पाठबाट निकालिएको हो।
घ. यी पंक्ति 'चिसो चिया' शीर्षक नाटकबाट निकालिएको हो।

iv. अमर कुन पाठको एउटा पात्र हो :-( सही उत्तर तलबाट चुनेर लेख)

क. टोटलाको फूल
ख. चिसो चिया
ग. रातभरि हुरी चल्यो
घ. कुखुरी काँ

**6**.(क) सप्रसंग व्याख्या गर : 5

दोषी मात-पिताका वचन,गरुजनाऽऽऽदेश निःशेष दोषी
सत्याऽऽऽत्मा मित्र दोषी,गृह परिधनको चाल देखिन्छ दोषी।
पत्नीको प्रेम दोषी,अमृतमय मिठा वेदका वाक्य दोषी
यो सारा सृष्टि दोषी विधिवश छ भने आफ्नू दृष्टि दोषी।।

(ख) ए बाबु ! तँ यस युगको लाटो, निर्दो-दुब्लो अस्तित्व नबन्
मुर्दा जस्तो यस्तो मान्छे कातर भीरू अस्तित्व नबन्।

यी पंक्ति कुन कविताबाट निकालिएका हुन् अनि यसका कवि को हुन् ? 2

(ग) "सड़क किनारा गाउँछ ईश्वर,
चराहरूको तानामा
बोल्दछ ईश्वर मानिसहरूको
पीडा, दुःखको गानामा।"

(अ) यी पंक्ति कुन कविताबाट निकालिएका हुन् अनि यसका कवि को हुन् ? 2

(आ) उक्त पंक्तिको भावार्थ के हो सरल भाषामा लेख। 3

7. (अ) सोनामणिको जीवनलाई टोटलाको फूलसँग किन दाँजिएको हो ? संक्षेपमा लेख। 5

(आ) 'कुखुरी ऽऽऽकाँ' शीर्षक कथामा सन्तानको जिज्ञासा र आवश्यकतालाई आमाले सहजै समाधान गर्न सक्छिन् भन्ने दर्शाइएको छ। पाठको आधारमा उक्त तर्कलाई पुष्टि गर। 4

(इ) सोनामणिको मृत्यु कसरी भयो ? संक्षेपमा लेख। 3

8. श्री इन्द्रबहादुर राईको साहित्यिक परिचय देऊ। 4

+++